नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

मिति : २०७५/४/१६

## प्रेस विज्ञप्ति

१. काठमाडौं उपत्यका लगायतको पूर्वाधार विकास एवं शान्ति सुरक्षासंग सम्वन्धित समसामयिक विषयहरुको सम्बन्धमा मिति २०७५ साउन १५ गतेका दिन सम्माननीय प्रधानमन्त्रीज्यूले छलफल गर्नुभयो । छलफलमा गृह मन्त्री माननीय राम बहादुर थापाज्यू, भौतिक पुर्वाधार तथा यातायात मन्त्री माननीय रघुबीर महासेठज्यू, सहरी विकास मन्त्री माननीय मोहम्मद इश्तियाक राईज्यू, खानेपानी मन्त्री माननीय बीना मगरज्यू, सञ्चार तथा सूचना प्रविधि माननीय गोकुलप्रसाद बाँस्कोटाज्यूको उपस्थिति रहेको थियो ।

२. त्यसैगरी छलफल कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकार श्री विष्णुप्रसाद रिमालज्यू, सम्माननीय प्रधानमन्त्रीज्यूका प्रेस सल्लाहकार डा. कुन्दन अर्यालज्यू र परराष्ट्र विज्ञ डा. राजन भट्टराईज्यूको पनि उपस्थिति रहेको थियो । साथै उक्त छलफल कार्यकममा उल्लिखित मन्त्रालयका सचिवज्यूहरु, सम्बन्धित विभागीय प्रमुख/महानिर्देशकहरु, काठमाडौं उपत्यका विकास प्राधिकरणका आयुक्त डा. भाइकाजी तिवारी, नेपाल टेलिकमका प्रमुख श्री कामिनी राजभण्डारी लगायतको उपस्थिति रहेको थियो।

३. छलफलको क्रममा सम्बन्धित निकायका प्रमुखहरुले अन्य कानुनी तथा प्रशासनिक झमेलाका अतिरिक्त वर्षातले गर्दा काठमाडौं उपत्यकाको सडक निर्माण र विस्तारले तिव्रता पाउन नसकेको व्यहोरा अवगत गराउनु भएको थियो ।

४. छलफल कार्यक्रमको अन्तमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट देहाय वमोजिमको निर्देशन भएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

   क) उपत्यकाका प्रमुख सडकका खाल्डाखुल्डी पुर्ने, मुख्य सडकहरुमा सडक वत्तिको व्यवस्था गर्ने, सडकमा सडक सङ्केत समेतको व्यवस्था मिलाउने ।

   ख) कलंकी - नागढुङ्गा, चाहविल - जोरपाटी सडक कालोपत्रे र कोरिडोरका सडकहरुको निर्माण तथा मर्मतसंभारलाई उच्च प्राथमिकता दिई पूर्व निर्धारित समय (भाद्र १५ गते भित्र ) सम्पन्न गर्ने ।

   ग) खानेपानी मन्त्रालयले मेलम्ची खानेपानीका पाइपलाईन विछ्याऊने, पानी वितरण गर्ने लगायतका कामहरु सम्पन्न गर्ने ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२११०७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

मिति : २०७५/०४/१५

घ) उर्जा मन्त्रालयले सडक निर्माणमा अवरोध भएका पोलहरु भोलि (२०७५/४/१६) बाट नै शुरु गरि ७ दिनभित्र सम्पन्न गर्ने र नयाँ पोल स्थापना गरिसक्ने ।

ङ) सूचना तथा संचार मन्त्रालयले सडक निर्माणमा अवरोध रहेका भोलि (२०७५/४/१६) देखि नै शुरु गरि ७ दिनभित्र सम्पन्न गर्ने र नयाँ पोल स्थापना गरिसक्ने, संभव भएसम्म तारहरुलाई underground गर्ने ।

च) विद्युत, टेलिफोन, खानेपानी, ढल निकास, सडक, सहरी विकास एक सहरी सौन्दर्यका काम संगसंगै एकीकृतरुपमा र समन्वयात्मक तवरले अगाडि बढाउने ।

छ) तत्काललाई काठमाडौं उपत्यका भित्रका सडक निर्माण, मर्मत, सडक वत्ति, ट्राफिक व्यवस्थापन, सहरी हरियाली सौन्दर्य, खानेपानी, बिद्युत, टेलिफोन लगायतका पूर्वाधार निर्माणका कामहरु सम्बन्धित मन्त्रालयका माननीय मन्त्रीज्यूहरु, सचिवज्यूहरु र सम्वन्धित पदाधिकारीहरुसँग समन्वय गरि एकीकृत रुपमा अगाडि बढाई सम्पन्न गर्नको लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्रीज्यूले संयोजन गर्ने ।

ज) सवारी साधन सञ्चालनलाई सहज बनाउन ट्राफिक व्यवस्थापनलाई उच्च प्राथमिकता दिई कार्य गर्ने ।

झ) काठमाडौं उपत्यकाको व्यवस्थित सहरी विकास, पूर्वाधारयुक्त सडक निर्माण, ऐतिहासिक सम्पदाहरुको संरक्षण, तारबिहीन उपत्यका (विद्युत र दुरसञ्चारका तारहरु भूमिगत गर्ने), अत्यन्त उच्च ट्राफिक चाप भएका स्थानमा Subway र Flyover को व्यवस्था, उपत्यकाका सम्पूर्ण भित्री एवम् बाहिरी सडकमा सडक बत्ति, सडक कालोपत्रे, हरियाली वातावरण सहितको सहरी सौन्दर्यका कामहरु एकीकृत र समन्वयात्मक तवरले अगाडि बढाइ आगामी दुई वर्षभित्र सम्पन्न गरिसक्ने ।

२०७५/०४/१५

(विनोदबहादुर कुँवर)

प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२११०७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np